बेलबारी नगरपालिका

BELBARI MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ

BELBARI, MORANG

कोशी प्रदेश, नेपाल

(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259


प.स. : (Letter No): २०८३।८४ (2083/84)

च.नं. :(Dispatch No:) ६४०

मिति :- २०८३/०५/१५

## विधुतीय माध्यमबाट बोलपत्र आह्वान गरिएका NCB सम्बन्धी ठेक्का सूचना स्थगित गरिएको बारे

यस बेलबारी नगरपालिकाबाट **आ.ब. २०८३/०८४** मा यसअघि विभिन्न मितिमा प्रकाशित गरिएका NCB (National Competitive Bidding) सम्बन्धी सम्पूर्ण ठेक्का सूचनाहरू PPMO बाट e-GP system संचालन सम्बन्धि अर्को सूचना प्रकाशित नभए सम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्थगित गरिएका ठेक्काहरू e-GP system संचालन पछी e-GP system बाटै पुन: ठेक्का आह्वान हुने व्योहोरा जानकारी गराईन्छ ।

लिमित प्रमुख प्रशासकीय अधिकृत

फोन : ५९७१३०७,५९७१३०१
वेबसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/१८२

केसरमहल, काठमाडौं, नेपाल

मिति: २०८३/०५/११

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

श्री सार्वजनिक निकाय सबै ।

हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म तपसिल बमोजिम हुने गरी प्रणाली स्थगन गरिएको ब्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यस कार्यालयको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्नुहुन।
२. यस विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ।
३. यस अघि विद्युतीय खरिद प्रणालीमा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र खोलुवा भई सार्वजनिक निकायहरुले बोलपत्रदाता/आपूर्तिकर्ता/परामर्शदाताहरुको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काहरुको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा यस कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।

२०८३/०५/११

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत